मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्राकृतिक स्रोतको रोयल्टीमा स्थानीय तहको हिस्सा बढाइने

हेटौँडा, ४ वैशाख/प्राकृतिक स्रोतको रोयल्टीमा स्थानीय तहको हिस्सा बढाइने भएको छ । अन्तर सरकारी वित्त परिषद् र विषयगत समितिको बैठकले सो प्रयोजनका लागि नयाँ सूत्र कार्यान्वयनमा ल्याउने निर्णय गरेको हो । निर्णयमा भनिएको छ, 'राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस समेतका आधारमा विद्युत्, पर्वतारोहण, वन र खानीको रोयल्टीमा स्थानीय तहको हिस्सा बढाउने गरी नयाँ सूत्र कार्यान्वयनमा ल्याउने ।' अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ लगायतका वित्तीय संघीयता सम्बद्ध कानुनहरूको संशोधन मस्यौदा तथा 'बजेट अनुशासनसम्बन्धी कानुन' को मस्यौदा तयार गर्ने प्रक्रियालाई अर्थ मन्त्रालयले अगाडि बढाउने निर्णय समेत गरिएको छ । वित्तीय हस्तान्तरण र अनुदान प्रणालीमा सुधार गर्दै संघीय बजेट बृद्धिको अनुपातमा वित्तीय समानीकरण अनुदान वृद्धि गर्ने निर्णय बैठकले गरेको छ । संघ तथा प्रदेश सरकारबाट हुने सशर्त अनुदानलाई क्रमशः घटाउँदै लैजाने नीति लिइने भएको छ ।

# मकवानपुरका निर्माण व्यवसायीद्वारा नेपाल सरकारको ध्यानाकर्षण

## मूल्य समायोजनको प्रभावकारी लागू, कृत्रिम अभाव गरी मूल्यवृद्धिको आशंका, व्यवसायीलाई आर्थिक राहत र 'कन्स्ट्रक्सन होलिडे' घोषणा माग

साझाकुरा संवाददाता

हेटौँडा, ४ वैशाख/ निर्माण सामग्री, इन्धन तथा अत्यावश्यक कच्चा पदार्थको निरन्तर बढ्दो मूल्यवृद्धिका कारण विकास निर्माणका काम गम्भीर संकटमा परेको भन्दै निर्माण व्यवसायी संघ मकवानपुरले सरकारको ध्यानाकर्षण गराएको छ ।

संघका अध्यक्ष बालगोपाल कँडेल नेतृत्व टोलीले शुक्रबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै संघीय सरकारको ध्यानाकर्षण गराएको हो ।

संघले राज्यसँग सम्झौता गरी सडक, पुल, भवन, खानेपानी, सिँचाइ, सार्वजनिक संरचनालगायत विभिन्न भौतिक पूर्वाधार निर्माण कार्यमा व्यवसायीहरू संलग्न हुँदै आएको स्मरण गराउँदै हालको परिस्थितिले निर्माण उद्योग नै धराशायी हुने खतरा बढेको जनाएको छ ।

संघका अध्यक्ष कँडेलद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा उल्लेख भएअनुसार अन्तर्राष्ट्रिय तथा आन्तरिक बजारमा देखिएको अस्थिरताका कारण नेपालमा निर्माण उद्योगमा अत्यधिक प्रयोग हुने डिजेल, पेट्रोल, मट्टितेल, एलपी ग्यासजस्ता इन्धन सामग्रीमा २०८२ चैत २ गतेयता पटकपटक मूल्यवृद्धि गरिएको छ । इन्धनको मूल्य बढेसँगै ढुवानी खर्च वृद्धि भएको र त्यसको प्रत्यक्ष असर निर्माण सामग्रीको बजारमा परेको संघले जनाएको छ ।



निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेल मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै । *तस्वीरः साझाकुरा*

संघका अनुसार सिमेन्ट, जस्तापाता, बिटुमिन, डन्डी, पाइप, बालुवा, गिट्टी, ढुंगा, इँट्टा, तारजाली, रंगरोगन तथा अन्य निर्माण सामग्रीको मूल्य अस्वाभाविकरूपमा बढेको छ । दैनिकरूपमा मूल्य परिवर्तन भइरहँदा निर्माण कम्पनीहरूले लागत अनुमान गर्न नसक्ने अवस्था सिर्जना भएको र पहिलेको दररेटमा ठेक्का लिएका आयोजनाहरू सञ्चालन गर्न अत्यन्त कठिन भएको अध्यक्ष कँडेलले बताए ।

उनका अनुसार मूल्यवृद्धिको सीधा असर निर्माण व्यवसायीमाथि परेको छ । ठेक्का सम्झौता हुँदा तय गरिएको लागतभन्दा अहिलेको वास्तविक खर्च धेरै माथि पुगेको भन्दै व्यवसायीहरू आर्थिकरूपमा धरासयी हुने अवस्थामा पुगेका छन् । बैंकको ब्याजदर, श्रमिक खर्च, ढुवानी भाडा र सामग्री मूल्य सबै बढेकाले साना तथा मध्यमस्तरका निर्माण कम्पनीहरू सबैभन्दा बढी प्रभावित भएको जनाइएको छ ।

कतिपय योजनाको काम सुस्त बनेको, केही स्थानमा निर्माण कार्य रोकिएको, कतिपय परियोजनामा सम्झौता अवधि सकिन लाग्दा पनि काम पूरा हुन नसकेको र समयमै समाधान नभए थप योजनाहरू अलपत्र पर्ने जोखिम बढेको चेतावनी दिइएको छ । यसले समग्र विकास बजेट कार्यान्वयनमा समेत नकारात्मक असर पर्ने संघको भनाइ छ ।

ज्ञापनपत्रमा सीमित उद्योगी तथा आयातकर्ताले बजारमा कृत्रिम अभाव सिर्जना गरी मूल्यवृद्धि गराएको आशंका पनि व्यक्त गरिएको छ । प्रतिस्पर्धात्मक बजार प्रणाली विपरीत केही समूहले एकाधिकार शैलीमा बजार नियन्त्रण गर्न खोजेको, जसका कारण निर्माण सामग्रीको मूल्य अस्वाभाविकरूपमा बढेको आरोप संघले लगाएको छ । यस्ता गतिविधिमाथि सरकारका नियामक निकायले प्रभावकारी अनुगमन नगरेको भन्दै संघले असन्तुष्टि जनाएको छ ।

सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार प्रत्येक आयोजनामा मूल्य समायोजनको व्यवस्था प्रभावकारीरूपमा लागू गर्न माग गरेको अध्यक्ष कँडेलले बताए । बढ्दो बजार मूल्यलाई आधार मानी ठेक्का रकम पुनरावलोकन गर्नुपर्ने, निर्माण सामग्रीको वास्तविक मूल्यलाई समेटेर राष्ट्रिय मूल्य सूचकाङ्क तयार गर्नुपर्ने तथा व्यवसायीहरूलाई आर्थिक राहत उपलब्ध गराउनुपर्ने माग गरिएको छ ।

त्यसैगरी, असामान्य परिस्थितिका कारण निर्माण क्षेत्रलाई केही समयका लागि 'कन्स्ट्रक्सन होलिडे' घोषणा गरी कानुनी तथा प्रशासनिक सहुलियत दिनुपर्ने, समयावधि थप गर्नुपर्ने, जरिवाना र हर्जाना स्थगित गर्नुपर्ने तथा रोकिएका आयोजनालाई पुनः गति दिन विशेष नीति ल्याउनुपर्ने माग पनि संघले अघि सारेको छ ।

समयमै ठोस निर्णय नगरे विकास निर्माण क्षेत्र थप संकटमा जाने चेतावनी दिइएको छ । संघले निर्माण उद्योगलाई राष्ट्रिय अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको क्षेत्र भएको उल्लेख गर्दै यस क्षेत्र धराशायी भए रोजगारी, बैंकिङ क्षेत्र, स्थानीय बजार र समग्र आर्थिक गतिविधिमा गम्भीर असर पर्ने जनाएको छ ।

# नेपालमा जलविद्युतको पर्याप्त सम्भावना छः भारतीय महावाणिज्यदूत मिना



साझाकुरा संवाददाता

हेटौँडा, ४ वैशाख/ नेपालका लागि भारतीय महावाणिज्यदूत देवी सहाइ मिनाले नेपालमा जलविद्युत व्यापारमा ठुलो सम्भावना रहेको बताएकी छन् ।

नेपाल उद्योग परिसंघ तथा भारतीय संस्था पञ्जाब-हरियाणा-उत्तर प्रदेश (पीएचडी) उद्योग वाणिज्य संघको समन्वयमा हेटौँडामा आयोजित अन्तर्क्रियामा महावाणिज्यदूत मिनाले नेपालले आफ्नो जलविद्युत उत्पादन क्षमता बढाएर भारतमा बेच्न सके पर्याप्त फाइदा लिन सक्ने उल्लेख गरेका हुन् ।

हाल नेपालले भारत तथा बंगलादेशलाई विद्युत बिक्री गरिरहेको उदाहरण दिँदै भविष्यमा नेपालले विद्युत व्यापारको दायरा बढाउनुपर्ने सुझाव दिए । उनले जलविद्युतसँगै कृषि, कृषिजन्य प्रशोधन उद्योगहरु, जडिबुटी, औषधी लगायत क्षेत्रमा नेपालले उत्पादन बढाएर भारतलाई बेच्न चाहेमा भारत तयार रहेको बताए । नेपालले आईटीलगायत अन्य प्रविधि र पर्यटनमा पनि राम्रो सम्भावना रहेकोले उद्योगीहरुलाई यसबारे सोच्न आग्रह गरे ।

उनले भारतको मोतिहारी देखि नेपालको अमलेखगञ्जको पेट्रोलियम पाइपलाइन दक्षिण एसियाकै दुई देशबीचको नमूना सहकार्य भएको उल्लेख गर्दै भविष्यमा भारत नेपालसँग अन्तर्राष्ट्रिय व्यापारका लागि विभिन्न योजनामा काम गर्न तयार रहेको बताए ।

उद्योग परिसंघ नेपालका महानिर्देशक घनश्याम ओझाले सिमा पारबहन व्यापारमा अहिले भइरहेको प्रशासनिक झन्झट हटाएर सरल, पारदर्शी र आधुनिक बनाउन नेपाल र भारत दुवै देशहरुले तत्परता देखाएको बताए ।

उनले नेपाल सामाजिक, साँस्कृतिकरुपमा समानान्तर भएपनि हाल नेपालले मात्र व्यापार घाटा व्यहोरिरहेकोले व्यापार घाटा कम गर्न भारतले सहयोग गर्नुपर्नेमा जोड दिएका छन् । उनले हाल नेपालले जडीबुटी, तयारी सामान र कृषिजन्य सामग्रीहरु निर्यात गरिरहेको बताउँदै निर्यात उन्मुख नेपाली उत्पादनलाई भारतीय बजारमा सहजतापूर्ण वातावरण बनाउन भारत सरकारले सहयोग गर्नुपर्ने उल्लेख गरे ।

अन्तरक्रियामा सहभागी उद्योगी तथा व्यवसायीहरुले दुई देशबीचको सिमा पारबहनलाई सुदृढ बनाउन परीक्षण तथा प्रमाणित सुविधा विस्तार गरी तत्काल नै निर्यात गर्ने वातावरण मिलाउन आग्रह गरेका छन् । यस्तै, भारतीय भन्सारमा भारतीय सामान सहजरुपमा पठाउने तर, नेपाली सामग्री निर्यात गर्दा रोकेर दुःख दिएको भन्दै महावाणिज्यदूत मीनाको ध्यानाकर्षण समेत गराएका छन् ।

नेपालमा भारतमा स्थापित सूचना प्रविधिजन्य उद्योगको नेपालमा शाखा खोल्दा नेपाली सूचना प्रविधिका श्रमशक्ति प्रयोग हुने भएकोले सूचना प्रविधीमा भारतीय व्यवसायीहरुलाई लगानी गर्न नेपाली पक्षबाट सुझाव दिइएको छ ।

पीएचडी उद्योग वाणिज्य संघ भारतका नेपाल भारत सेन्टरका वरिष्ठ सचिव अतुलकुमार ठाकुरले समन्वय गर्नुभएको कार्यक्रममा उद्योग परिसंघ नेपाल बागमती प्रदेशका अध्यक्ष त्रिलोचन कँडेल, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिँह रानाभाट, चितवन उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष सुमन श्रेष्ठ, चिवतन उद्योग वाणिज्य संघका अध्यक्ष चिरञ्जीवी सुवेदीलगायतको उपस्थिति थियो ।




# चित्लाङको भाषा, कला र संस्कृति संरक्षणमा स्थानीय जुट्दै



साझाकुरा संवाददाता

हेटौँडा, ४ वैशाख/ उत्तरी मकवानपुरको साँस्कृतिक एवम् पर्यटकीय सहर चित्लाङको भाषा, कला र संस्कृति संरक्षण थालिएको छ ।

ऐतिहासिक चित्लाङमा विभिन्न समयमा लाग्ने जात्रा, पर्व र नाचको संरक्षणमा जुट्दै आएको भाषा, कला र संस्कृति संरक्षण समिति, चित्लाङले दीगो तथा समतामूलक विकास, नेपालसँगको साझेदारीमा भाषा, कला र संस्कृतिको गर्ने भएको हो ।

दीगो तथा समतामूलक विकास, नेपालले ग्लोबल ग्रिन ग्राण्ट फण्डको सहयोगमा सञ्चालन हुने परियोजनाको प्राविधिक पक्ष समितिले गर्ने गरी दीगो तथा समतामूलक विकास, नेपाल र भाषा कला संस्कृति संरक्षण समिति, चित्लाङबिच सम्झौता भएको समितिका अध्यक्ष राजन बलामीले जानकारी दिएका छन् ।

परियोजनाका लागि १० लाख रुपियाँ अनुदान प्राप्त हुनेभएको छ । चित्लाङमा कात्तिक नाच, गाई जात्रा, हिले जात्रा, भैरव जात्रा, कृष्ण जात्रा, महालक्ष्मी जात्रालगायतका नाच र पर्वहरु चल्दै आएको छ ।

परियोजनाअन्तर्गत् चित्लाङको भाषा, कला र संस्कृति संरक्षणका लागि जात्रा र पर्वमा आवश्यक बाँसुरी प्रशिक्षण, धिमे बाजा प्रशिक्षण, बलामी समुदायको पोशाकलगायत जात्रा पर्वमा आवश्यक भेषभुषा, बाजागाजाका सामाग्रीहरु खरिद गर्ने योजना रहेको अध्यक्ष बलामीले बताए ।

# हेटौँडा सिमेन्ट उत्पादन फेरि बन्द

साझाकुरा संवाददाता

हेटौँडा, ४ वैशाख/ हेटौँडा सिमेन्ट उद्योगले कोइलाको अभाव भएको जनाउँदै बिहीबारदेखि उत्पादन बन्द गरेको छ । करिब एक महिनाअघि मात्र नियमित सञ्चालन आएको उद्योगको उत्पादन फेरि बन्द भएको हो ।

उद्योगले तीन हजार मेट्रिक टन कोइला किन्न बोलपत्र आह्वान गरिसकेको छ । करिब दुई हप्ताभित्र कोइला आइपुग्ने हेटौँडा सिमेन्ट उद्योगका सहायक प्रबन्धक विकास श्रेष्ठले बताएका छन् । कोइलाको परीक्षण नतिजाअनुसार मात्र सिमेन्टको उत्पादनको समय निर्धारण हुने उनले जानकारी दिए ।

यसअघि आर्थिक संकटका कारण धरासयी बनेको सरकारी स्वामित्वको हेटौँडा सिमेन्ट उद्योगलाई नियमित र पूर्ण क्षमतामा सञ्चालन गर्न सरोकारवालाले माग राख्दै आएका छन् । संघीय सांसद् प्रकाश गौतमले उद्योगको समस्या समाधानका लागि केन्द्र सरकार र बागमती प्रदेश सरकारसँग पहल सुरु गरेका छन् ।




उनले आफू सांसद्मा निर्वाचित भएपछि प्रधानमन्त्री, उद्योगमन्त्री र बागमती प्रदेशका मुख्यमन्त्रीसँग उद्योगको अवस्थाबारे छलफल गरेको जानकारी दिए । प्रदेश सांसद्ले पनि उद्योग नियमित सञ्चालनको विषय उठाउँदै आएका छन् ।

गत भदौमा पाँच दिनमात्र सञ्चालन भएको उद्योगले दुई हजार पाँचसय टन क्लिङ्कर र ३० हजार बोरा सिमेन्ट उत्पादन गरेको थियो । निमित्त महाप्रबन्धक डा. शिवनारायण साहका अनुसार गत चैत १३ गतेदेखि क्लिङ्कर उत्पादन पुनः सुरु गरिए पनि कच्चा पदार्थ (कोइला) को अभावमा उद्योग पुनः बन्द हुने अवस्थामा पुगेको छ । यहाँ पुरानो बक्यौता रकम तिर्न नसक्दा कोइला आपूर्ति हुन सकेको छैन । उद्योग बन्द भएपनि कर्मचारीको तलब, भत्ता र सामान्य मर्मत खर्च जस्ता अनिवार्य दायित्वले आर्थिक भार थपिरहेको छ । हाल उद्योगमा ३१८ जना जनशक्ति कार्यरत् छन् ।

यसबाहेक नेपाल विद्युत् प्राधिकरणलाई बुझाउनुपर्ने महसुल बक्यौता नै करिब ३० देखि ४० करोड रुपियाँ पुगिसकेको छ । बक्यौताकै कारण प्राधिकरणसँग निर्बाध विद्युत् आपूर्तिका लागि आग्रह गर्न सक्ने अवस्थासमेत नरहेको प्रशासनको भनाइ छ ।

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# भारतमा गुगल जेमिनीको ‘पर्सनल इन्टेलिजेन्स’ फिचर सार्वजनिक

गुगलले मंगलबारदेखि भारतमा जेमिनीको ‘पर्सनल इन्टेलिजेन्स’ फिचर उपलब्ध गराएको घोषणा गरेको छ । यो सुविधामार्फत प्रयोगकर्ताले आफ्नो गुगल एकाउन्ट (जस्तै: जिमेल र गुगल फोटोज) लाई जेमिनीसँग जोडेर आफ्ना व्यक्तिगत विवरणका आधारमा प्रश्नहरू सोध्न र जवाफ प्राप्त गर्न सक्नेछन् ।

भारतमा यो फिचरको सुरुवातसँगै प्रयोगकर्ताले आफ्ना पुराना इमेल वा फोटोहरूका आधारमा “मेरो जयपुर भ्रमणको योजना के छ ?” जस्ता प्रश्नहरू सोधेर तुरुन्तै जानकारी पाउन सक्नेछन् । यसका लागि जेमिनीले प्रयोगकर्ताले हेरेका हालैका युट्युब भिडियोहरूको सन्दर्भ पनि लिन सक्नेछ ।




उपलब्धता: सुरुवाती चरणमा यो सुविधा भारतका ‘एआई प्रो’ र ‘एआई अल्ट्रा’ प्रयोगकर्ताहरूका लागि मात्र उपलब्ध हुनेछ । यद्यपि, आउँदो केही हप्तामा यसलाई नि:शुल्क प्रयोगकर्ताहरूका लागि पनि विस्तार गर्ने गुगलको लक्ष्य छ ।

तथ्य जाँच: जेमिनीले आफूले दिएको जवाफको स्रोत पनि खुलाउनेछ, जसले गर्दा प्रयोगकर्ताले आवश्यक परेमा विवरणहरू आफैँ रुजु गर्न सक्नेछन् ।

त्रुटि र सुधार: गुगलले जेमिनीले सधैँ सही सन्दर्भ बुझ्न नसक्ने चेतावनी पनि दिएको छ । उदाहरणका लागि, यदि कसैको गल्फ खेल्दै गरेका धेरै फोटोहरू छन् भने जेमिनीले उसलाई गल्फ मनपर्छ भन्ने ठान्न सक्छ, जबकि वास्तविकतामा उक्त व्यक्ति अन्य प्रयोजनको लागि गएको हुन सक्छ । यस्तो अवस्थामा प्रयोगकर्ताले जेमिनीलाई सच्याउन सक्नेछन् ।

भारतीय बजारमा विस्तार: गुगलले पछिल्लो समय भारतमा आफ्ना एआई सुविधाहरू तीव्र गतिमा विस्तार गरिरहेको छ । गत हप्ता मात्रै कम्पनीले जोमाटो, स्विगी र इजीडिनरसँग मिलेर एआई मार्फत रेस्टुरेन्ट बुकिङ गर्ने सुविधा पनि सुरु गरेको थियो ।

यसअघि जनवरीमा अमेरिकाबाट सुरु भएको यो फिचर मार्चमा त्यहाँका सबै प्रयोगकर्ताका लागि उपलब्ध गराइएको थियो । जापानपछि अब भारतमा पनि यो सेवा सुरु भएपछि गुगलको एक ठूलो बजारमा एआईको पहुँच अझ सुदृढ भएको छ ।

# ‘एआईलाई रोक्न ‘किल स्विच’ आवश्यक छ’- ट्रम्प

कृत्रिम बौद्धिकता अर्थात एआईको तीव्र विस्तारले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई समेत झस्काएको छ । त्यसैले यो प्रविधिको सीमारहित विकास र विस्तार रोक्न अनि उन्नत एआई प्रणालीलाई नियन्त्रण गर्नका लागि किल स्विच आवश्यक रहेको ट्रम्पले बताएका छन् ।



फक्स न्यूज नेटवर्कमा प्रशारित एक अन्तर्वार्तामा ट्रम्पले एआइको विकास अभूतपूर्व गतिमा भइरहेका कारण यसले भविष्यमा मानवका लागि खतरा निम्त्याउन सक्ने सम्भावनालाई नजरअन्दाज गर्न नसकिने बताएका छन् । एआईले बैंकिङजस्ता क्षेत्रलाई अझ सुरक्षित र प्रभावकारी बनाउनमा भूमिका खेल्नसक्ने भए पनि योसँग गम्भीर जोखिमहरू पनि जोडिएको उनको भनाइ छ । बैंकिङ प्रणालीको स्थिरतामा एआईले असर पार्न सक्ने पूर्ण सम्भावना रहेको ट्रम्पको ठहर छ ।

उनले एआईको विकासमा कडा सरकारी निगरानी आवश्यक रहेकोमा जोड दिँदै किल स्विचजस्ता उपायबारे विचार गर्नुपर्ने ट्रम्पले बताए । किल स्विच भनेको कुनै सिस्टमलाई आपतकालीन अवस्थामा तुरुन्त बन्द गर्ने सुरक्षा व्यवस्था हो । एआईको सन्दर्भमा यो यस्तो संयन्त्र हो जसले कुनै पनि एआई प्रणाली अनियन्त्रित वा खतरनाक बनेमा त्यसलाई तुरुन्त रोक्न प्रयोग गरिन्छ । यद्यपि किल स्विच सिस्टम कसरी सञ्चालन हुने र यसको नियन्त्रण कसको हातमा रहने भन्नेबारे चाहिँ ट्रम्पले केही पनि उल्लेख गरेका छैनन् ।

एआई कम्पनी एन्थ्रोपिकले विकास गरेको नयाँ एआई मोडेल क्लाउड माइथोसका विषयमा साइबर सुरक्षा विज्ञहरूले चिन्ता व्यक्त गरिरहेको समयमा ट्रम्पको यस्तो भनाइ बाहिर आएको हो । उक्त एआई मोडेलले साइबर आक्रमणलाई अझ जटिल र शक्तिशाली बनाउन सक्ने विज्ञहरूको चिन्ता छ ।

तर यसबारे प्रतिक्रिया दिँदै एन्थ्रोपिकले आफ्नो उक्त एआई मोडेल क्लाउड माइथोसको प्रिभ्यू आम प्रयोगकर्ताका लागि व्यापक रूपमा उपलब्ध नगराइने स्पष्ट पारेको छ । साथै कम्पनीले यसलाई सीमित रूपमा विभिन्न साझेदार संस्थासँग प्रयोग गर्दै सफ्टवेयरका कमजोरी पहिचान गर्न उपयोग गरिरहेको जनाएको छ । अमेरिकी सरकारले पनि एन्थ्रोपिकलाई आपूर्ति श्रृंखला जोखिमको श्रेणीमा राखेको छ र संघीय निकायहरूलाई कम्पनीका उपकरण प्रयोग गर्नमा रोक लगाइएको छ ।

**स्वास्थ्य**

# गर्भावस्थामा किन बढ्छ एसिडिटी ?

गर्भावस्थामा महिलाहरूले धेरै प्रकारका चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ । यस अवधिमा पेटमा धेरै एसिड बन्ने अर्थात् हाइपरएसिडिटीको समस्या पनि निकै सामान्य हो ।

अधिकांश महिलाहरू गर्भावस्थामा यो समस्याको सिकार हुन्छन् । पेट वा घाँटी पोल्नु, अमिलो डकार आउनु, मुखमा लामो समयसम्म अमिलो स्वाद रहिरहनु, वाकवाकी लाग्नु वा बान्ता होला जस्तो हुनु गर्भावस्थामा आम कुरा हो । धेरै पटक यस्तो लाग्छ मानौँ छातीको जलन माथितिर घाँटीसम्मै आइरहेको छ । कतिपय अवस्थामा महिलाहरू यसबाट निकै हैरान हुन्छन् र छुटकारा पाउने उपायहरू खोज्छन् ।



स्वास्थ्य विशेषज्ञहरूका अनुसार, गर्भावस्थामा शरीरमा धेरै हर्मोनल परिवर्तनहरू हुन्छन्, जसले गर्दा पाचन प्रक्रिया सुस्त हुन्छ र पेटको एसिड माथितिर आउन थाल्छ । जसैजसै गर्भ बढ्दै जान्छ, पेटमा दबाब पनि बढ्छ, जसका कारण यो समस्या झन् बढी महसुस हुन सक्छ ।

यदि कुनै महिलालाई पहिलेदेखि नै एसिडिटीको समस्या थियो भने, गर्भावस्थामा यो झन् बढ्न सक्छ । समस्या धेरै बढेमा यस विषयमा डाक्टरसँग सल्लाह लिनुपर्छ । कहिलेकाहीँ यसबाट बच्न औषधि नै खानुपर्ने अवस्था पनि आउन सक्छ । यद्यपि, केही सावधानी अपनाउने र घरेलु उपायहरू लागू गर्ने हो भने गर्भावस्थामा हुने एसिडिटीको समस्याबाट छुटकारा पाउन सकिन्छ ।

गर्भावस्थामा एसिडिटीबाट बच्न आफ्नो दिनचर्या र खानपानमा ध्यान दिनु जरुरी छ । समयमै खाना खाने र लामो समयसम्म भोको नबस्ने प्रयास गर्नुहोस्, किनकि खाली पेट बस्दा एसिडिटी झन् बढ्छ । हल्का र सजिलै पच्ने खाना जस्तै: दलिया, खिचडी, उसिनेका तरकारी आदि खानु बेस हुन्छ । शीतलता प्रदान गर्ने कुराहरू जस्तै: नरिवल पानी, मोही र सादा खानाले निकै राहत दिन्छन् ।

दिनभर पर्याप्त मात्रामा पानी पिउनु पनि उत्तिकै आवश्यक छ । यसले पाचन प्रणालीलाई स्वस्थ राख्छ र एसिडिटी कम गर्छ । यसका साथै, राम्रो निद्रा लिनु पनि धेरै महत्त्वपूर्ण छ, किनकि निद्रा पूरा नहुँदा पनि शरीरको पाचन प्रक्रिया प्रभावित हुन्छ ।

एसिडिटीबाट छुटकारा पाउन केही गलत बानीहरू सुधार्नु जरुरी छ । खाना खानेबित्तिकै पल्टिने वा सुत्ने बानी त्याग्नुहोस्, किनकि यसो गर्दा एसिड माथितिर आउन थाल्छ । खाना खाएपछि एकछिन हिँडडुल गर्नु फाइदाजनक हुन्छ । सुत्दा देब्रे कोल्टे फर्केर सुत्नु राम्रो मानिन्छ, किनकि यसले पाचनमा मद्दत गर्छ र एसिडिटी कम गराउँछ ।

अत्यधिक चिल्लो, मसलादार, अमिलो, नुनिलो र प्याकेटका वा प्रिजर्ब्ड खानेकुराबाट टाढै रहनुहोस्, किनभने यस्ता कुराले एसिडिटी बढाउन सक्छन् ।

केही सजिला घरेलु उपायहरूले पनि यो समस्याबाट राहत दिन सक्छन् । ल्वाङ, अमला र थोरै चिनी मिसाएर रातभरि पानीमा भिजाउनुहोस् र बिहान छानेर अलिअलि गर्दै पिउनुहोस्, यसले पेट पोल्ने समस्यामा आराम दिन्छ । यसैगरी ज्वानो वा सौँफको धुलोलाई चिनीसँग पानीमा मिसाएर पिउँदा पनि फाइदा हुन्छ ।

यद्यपि, यदि लक्षणहरू धेरै बढेमा वा केही गम्भीर संकेतहरू देखिएमा जस्तै: पेटको माथिल्लो भागमा अत्यधिक दुख्नु, भोक लाग्दा झन् बढी दुख्नु, रगतको बान्ता हुनु वा कालो रङको दिसा हुनु- यस्तो अवस्थालाई सामान्य रूपमा नलिनुहोस् ।

यस्तो अवस्थामा तुरुन्त डाक्टरलाई सम्पर्क गर्नु जरुरी छ, किनकि यो कुनै गम्भीर समस्याको सङ्केत हुन सक्छ ।

**साहित्य**

आधुनिक कथा

# अभागी आमा



✍ राजेश अधिकारी

“ए नकच्चरो ! हेर्दा त तँ लाउनेखाने नै देखिन्छस त । तैंले मलाई भिखारी सम्झिस कि क्या हो ? सक्छस भने सय रुपियाँको एउटा हरियो गैंडा दे न मलाई किन यति जाबो दश रुपैयाँमा टार्छस ? थुक्क कञ्जुस मोरा तँलाई हैजाले लान नसकेको ! तेरो हातमा स्याउँस्याउँ किरा परिजाओस ।”

मैले श्रद्धावश दिएको दस रुपियाँको नोट मेरै मुखमा फालेर देब्रे हातले लोपार्दै एउटी माग्ने जस्ती देखिने बुढी आमा मुखमा आएजति फलाकेर भुतभुताउन थालिन् । म नवआगन्तुक बटुवा किङ्कर्तव्यमुढ हुँदै रातो मुख लगाएर त्यहाँबाट हिंडे । एउटा सानो घुम्तीपसललाई आफ्नो घर बनाएर बसेकी ती असहाय जस्ती देखिने बुढीआमालाई दया लागेर यथासक्य सहयोग गर्दा लज्जित हुनुपरेको पीडाले मलाई रातभर खटपटी भयो । म कुनै काम विशेषले दुईचार दिन बिराटनगरमा आफन्तकहाँ बसेको थिएँ । म बसेको टोल नजिकै एउटा चौबाटोमा ती आमा नाङ्ले पसल चलाउन मिल्ने साँघुरो काठे घुम्तीघरमा एक्लै बस्थिन् ।

मलाई ती बुढीआमाबारे केही जान्ने कौतुहलता जाग्यो । भोलिपल्ट बिहान म नजिकैको चोकबाट त्यही बाटो भएर आफन्तकोमा फर्कदै थिएँ, ती आमा बसेको घुम्ती नजिकै एउटी मधेशी मुलकी आइमाई भक्का बनाउँदै बेच्दै रहिछ । मैले पनि चामलको पिठोले बनेको दुईवटा भक्का बडो मिठो मानी मानी खाएँ र दुईवटा भक्का बोकेर ती आमा बस्ने घुम्ती नजिकै पुगेँ । फेरि पनि बुढीआमाले सराप्लिन भनेर मैले तिनी बसेको घुम्तीभित्र डराई डराई चिहाएँ । उनी एउटा सानो ठाउँमा च्यातिएको गुन्द्रीमाथि मैलो धुस्रो सिरक ओढेर सुतिरहेकिरहिछिन् । छेवैमा एउटा भुसेचुलीमाथि काला कटकटिएका भाँडाकुँडा राखिएका थिए । उठ्दा टाउको ठोकिने र घुम्दा ढाड ठोकिने त्यो अँध्यारो र साँघुरो घुम्ती नै तिनीको सम्पूर्ण संसार थियो । एकछिन त घुम्ती भित्रबाट आएको पिसाब र ढुसीको गन्धले मेरो मथिङ्गल नै रन्थनायो । “आमा ! ए आमा !” भन्दै मैले डर मिश्रित आवाजले उनीलाई बोलाएँ । गनाउने मैलो झुत्रो कपडाले कुप्री परेको शरीर ढाकेर शिरमा लट्टे केश फिँजाई सिँगानले कटकटिएको चाउरी परेको अनुहारबाट उनका कचेरे जोडी आँखाहरुले मतिर एकटक हेरिरहे ।

“ए नकच्चरो ! तँ लफङ्गो बिहान बिहानै यहाँ मसँग इत्रिन आको ?” छेवैमा राखिएको एउटा जुठो कचौराले मेरो टाउकोतिर ताक्दै उनी फेरि फत्फताउन थालिन् ।

म पनि अक्क न बक्क भएर अघि उनको लागि किनिदिएको भक्का उनैतिर फालिदिन्दै त्यहाँबाट कुलेलम ठोक्कें । मैले उनको मप्रतिको व्यवहार र बिनाकसुर गालीलाई सजिलै पचाउन सकिन् । रातभर उनीप्रतिको जिज्ञासाले मेरो निद्रा नै कच्पटियो । यो बुढेसकालमा असहाय भएर उनी किन एक्लै बस्छिन् ? उनी किन प्रेम दर्साउने र सहानुभुति राख्ने मानिसहरुप्रति बिनाकाम खनिन्छिन् ? आदि जस्ता प्रश्नहरुले मेरो दिमाग नै खायो । मलाई उनको बारेमा केही जान्ने उत्सुकताले अँझ बढी पिरोल्न थाल्यो । मैले म बास बसेको घरका मेरा आफन्तलाई उनको बारेमा जानकारी लिने निर्णय गरें ।

एक साँझ मैले उनको बारेमा मेरा बासदाता आफन्तलाई केही जानकारी दिन अनुरोध गरें । मेरो प्रश्न सुन्ने बित्तिकै सबैजना गललल हाँसे । सायद ती आमाले मलाई गालीगलौज र सत्तोसराप गरेको उनीहरुले थाहा पाएछन् भन्ने ठानेर म लाजले रातोपिरो भएँ ।

“बाबुलाई त ती बौलाई बुढीको सारै माया लाग्यो कि के हो ? लगेर पाल्नू नि !” भन्दै घरमुली आमै मतिर फर्केर अट्टहास गर्न थालिन् । “दाइले त ती बुढीको छोरी भए त सासू बनाउनु हुन्थ्यो होला नि ?” यसो भन्दै घरमुलीकी छोरीले मतिर व्यङ्गात्मक हाँसो प्रहार गरिन् । मेरो बुढीआमाबारेको जिज्ञासामा मेरो बासघरको पल्लाघरे छिमेकी दिदीले पनि “त्यो छाडा गलगाँडे फोहोरी बुढीको कुरा नगर्नुहोस् बाबु । बाटो हिंड्ने जो कोहीलाई पनि त्यो असती र अलच्छिनी बुढीले निहुँबिना नै निशुल्क सरापेर हैरान पार्छे,” भन्दै ओठ लेपारिन् ।

मेरो अनुत्तरित जिज्ञासा र ती बुढीप्रतिको तिनीहरुको धारणाको हाँस्य माहौलमा पिल्सिएर म अक्क न बक्क भएँ । म सारमा सार मिलाउँदै र सङ्कोचमिश्रित नाटकीय मुस्कान छर्दै आफ्नो सयनकक्षतीर लम्किएँ । मध्यरात्रिसम्म अनजान जिज्ञासाको भारमा थिचिएर रातको अन्तिम प्रहरमा निद्रादेवीको काखमा भुसुक्कै लुट्पुटिएँछु ।

बिराटनगरको पाहुना हुञ्जेल म पनि तातो भक्काको स्वादमा रमाउन थालें । एकदिन साँझपख आफन्तकहाँ फर्किदा म त्यही भक्का बनाउने ठाउँको बाटो हुँदै फर्कदै थिएँ, मानिसहरू भक्कावाल्नीको चौबाटे पसलमा भक्का खान तँछाड मछाड गर्दै थिए । मैले पनि मन थाम्न सकिन र दुईवटा भक्का किनेर खाएँ र अरु दुईवटा भक्का कागजमा बेरेर बोकें ।मेरा गह्रौं पाइलाहरू तिनै बुढीआमाको घुम्तीघरको बाटो अगाडि बढ्दै थिए । म उनी बस्ने घुम्ती नजिक पुग्छु र मेरा जिज्ञासु आँखाहरुले घुम्तीका खुल्ला ढोकाबाट भित्रतिर चिहाउँछन् । भित्र टुकीको मधुरो रोशनीमा बुढीआमाको अस्पष्ट आकृति देखा पर्छ । “आमा ! ए आमा !” म डराई डराई मधुरो आवाजले उनीलाई बोलाउँछु । कुप्रिएको ढाडले जुरुक्कै उठ्न असजिलो मान्दै ती बुढीआमाले “को हो हँ?” भन्दै हात कमाउँदै घुम्तीको ढोका अलिकति उघार्छिन् ।

म बिनाकासुर गाली खाने डरले बिस्तारै “म हुँ आमा तपाईंलाई भक्का दिन आएको” भन्छु । मेरो आवाजले उनको तन्द्रा टुटेछ क्यार उनीले ढोकाबाट धमिला आँखाले मतिर चिहाएर हेरिन् ।आज किन हो कुन्नि सधैं बिनाकसुर अरुमाथि खनिने बुढीआमाको अनुहार मलिन देखिन्थ्यो । उनको असहाय अनुहारमा बिरक्ती र असक्तताको झल्को प्रष्टै देखिन्थ्यो । उनीले मतिर थरथर कामेका हातहरू बढाइन् अनि मैले उनको हातमा भक्काको पोको राखिदिएँ । उनका आँखाहरू आँसुले टल्पलाइरहेका थिए अनि भक्कानिएर गलामा अट्किएको आवाज बाहिर आउन सकिरहेको थिएन । त्यो आकस्मिक परिस्थितिमा म किङ्कर्तव्यमुढ बनें र भारी पदचाप सहित त्यहाँबाट फटाफट निस्कें ।

आफ्नो बिराटनगरको काम सकिएकाले म भोलि नै काठमाण्डू फिर्दै थिएँ । ती बुढीआमा रातभर मेरो मनस्पटलमा नाच्न थालिन् । म बिस्तरामा पल्टिएर सोच्न थाल्छु । बहुरूपी नारी जाती पूज्य र आदरणीय हुन्छ । एउटी नारी कसैकी आमा,कसैकी छोरीचेली अनि कसैकी आफन्त हुन्छिन् । तर किन उनी गाउँलेहरुबाट हाँसोको पात्र हुन्छिन् ? उनी किन छिमेकीहरुबाट यति बिघ्न उपेक्षित हुन्छिन् ? यस्तो आदरणीय बुढ्यौली उमेरमा पनि किन उनी असहाय छिन ? जस्ता मेरा लागि अनुत्तरित र अथाह प्रश्नहरुले मेरो निद्रा तालिका नै तहस नहस भयो । रातभर मेरो दिमाग सोचहरुको कुस्तीले थकित भएर म रातको अन्तिम प्रहरमा मात्रै भुसुक्कै निदाएँछु । भोलिपल्ट म काठमाडौंतिर लागें ।

समय आफ्नो वेगमा दौडदै गयो । म एक वर्षपछि फेरि काम विशेषले उनीको लागि एउटा खास्टो उपहार बोकेर बिराटनगर आएँ । मनको कुनामा लुकेको ती आमाको लुप्त मायाले मेरा पाइलाहरू भक्कापसलको बाटो हुँदै तिनकै घुम्तीघर नजिक गएर टक्क रोकिए । घुम्ती सुनसान थियो । मेरो मुटु अञ्जान भयले धक् धक् धड्किन थाल्यो । शङ्का आशङ्काका कालो बादलहरू मेरो टाउको वरिपरि मढारिन थाले ।

"आखिर उनी कहाँ गइन् त ?" मैले घुम्ती नजिकै रहेको एउटा घरकी बुढी हजुरआमासँग उनीको बारेमा सोधें ।

“बाबु ! ती बुढी तपाईंकी नातेदार हुन् ? मरेपछि भेट्न आउनु भाको ? उनी त छ महिना अघि नै मरिसकिन् त । बिचरी विधवा बुढीले यही घुम्तीमा तरकारी पसल थापेर र अर्काको घरमा जुठो भाँडा माझेर दुईवटै छोरालाई पढाएर बिदेश पठाइन् । बिदेशिएका छोराहरुले न कहिले आमालाई सम्झे न फर्किएर नै आए । मनमा अति नै पीडा भएपछि बुढीको दिमाग खुस्कियो र असहाय नै भएर मरिन । उनको एउटा छोरा अष्ट्रेलियामा पि. आर पाएर उतै बस्छ रे । अर्को छोरो अमेरिकामा डी भी परेर उतै सपरिवार बस्छ रे । बिचरी बुढी त्यही घुम्तीमा मरि छन् । मरेको तीन दिनपछि लासबाट दुर्गन्ध आएको थाहा पाएर गाउँलेहरुले त्यही परको खोलामा लगेर उनीको लाशलाई जलाए । बिचरीको काजकृया गर्ने पनि कोही भएनन् । धिक्कार छ उनीका ती पापी छोराहरुलाई ।” ती हजुरआमाको कुरा सुनेर र उनीबारेको जिज्ञासाको उत्तर पाएपछि मेरा आँखाबाट आसुँ बग्न थाले । म उनकै लागि ल्याइदिएको त्यही खास्टोले श्रद्दाञ्जलीको आसुँ पुछ्दै त्यही घुम्तीघरको बाटो हुँदै गन्तव्यतिर लागें ।

# हर्मुजको घाँटीमा अड्किएको भोक

✍ तोमनाथ उप्रेती

हर्मुजको घाँटीमा अड्किएको छ
मानवता
जहाँ तेलका ट्याङ्करहरू
अब कविता होइनन्
बारुदले भरिएका वाक्यहरू हुन्
समुद्रको छाती चिर्दै अघि बढ्ने
लोभका चलायमान क्षेप्यास्त्र।
तिनीहरू लहर होइनन्
इतिहासका धम्कीपूर्ण घोषणा हुन्
जहाँ प्रत्येक डुंगा
मानवताको विरुद्ध लेखिएको
एक ‘जीवित व्यंग्य’ हो।
समुद्र चिच्याउँछ
म बाटो हुँ
तर बन्दुकको ध्वनिले
उसलाई बन्द बनाएको छ।
सुपरमार्केटहरू
अब संग्रहालयझैँ छन्
मासुका टुक्राहरू
दर्शनीय वस्तु बनेका छन्
र मूल्यहरू
कलात्मक उडान भर्छन्
जसरी ड्रोनहरू
आकाशमा उडान भर्छन्।
महमुद अली
ट्रोल्ली धकेल्दै भन्छन्
सबै छ, तर केही छैन

मूल्यहरू, अचानक कवि भए
दुई लाइनमै
दोगुना अर्थ दिन थाले।
जहाजहरू, ओमानतिर मोडिँदा
मानव विवेक, कतैतिर मोडिन्छ
अबु धाबीका बन्दरगाहहरू
शहरका मौन मन्दिर जस्ता
जहाँ प्रार्थना हुन्छ
तर देवता
ढुवानी तालिकामा हराएका छन्।
साउदी अरब
मरुभूमिमा हरियो सपना रोप्दैछ
लाल सागरलाई, उद्धारकर्ता बनाउँदै
तर पानीले, राजनीति बुझ्दैन।
कतारका ट्रकहरू
मरुभूमिमा लामा कविताहरू लेख्छन्
प्रत्येक टायर, एक श्लोक
प्रत्येक धुलो,एक प्रश्नचिह्न।
माछाहरू
अब समुद्रमा होइन
अर्थशास्त्रको ग्राफमा तैरिन्छन्।
लुलुका जहाजहरू
उडिरहेका छन्–
जसरी धनीहरूको आशा,
तर गरिबको भोक
अझैँ पैदलै छ ।
यो युद्ध, सीमा होइन,
थालको आकार घटाउने षड्यन्त्र हो–
जहाँ, गोलीहरू
रोटीभन्दा सस्ता छन्,
र शान्ति, सबैभन्दा महँगो वस्तु।
अन्ततः,
हर्मुज केवल जलडमरू होइन–
यो, मानव लोभको साँघुरो बाटो हो,
जहाँ, सभ्यता आफैं
आफ्नै भोकले, निल्न थालेको छ ।

# दाजुभाइ



✍ आयान तामाङ
कक्षा–९, नवोदय शिशु सदन

अमन ‘आरोन चाडो उठ कति सुतेको ।’ आरोन ‘हस दाई ।’ आरोन गोरो थियो । अलि कति पुड्के थियो । आरोन हसिलो थियो । नमन, अमन र आरोन दाजुभाइ हुन् । उनीहरू भीमफेदी भन्ने ठाउँमा बसोबास गर्थे । परिवारमा दाजुभाइ मात्र थिए । आमाबुबा बित्नु भइसकेको थियो । भीमफेदी ठाउँ हरियाली थियो । खोलाहरू थियो । अमनले नमन र आरोनलार्य आमाबुबाको कमी महसुस हुन दिएन ।

सानै देखि अमनले नमन र आरोनको हेरचाहँ गर्दै आएको थियो । नमन र आरोन जहिले पनि झगडा गर्थे र आफैं मिल्थे । उनीहरू एकअर्कासँग झगडा गरे पनि माया गर्थे । एक दिन उनीहरूले झुकिएर अमनको महङ्गो चस्मा फुटाइ दिए तर पनि अमनले उनीहरूलाई केही भनेन । उनीहरूसँग एउटा कालो रङ्गको राम्रो बाइक थियो । नमन ‘दाइ पैसा दिनुन चस्मा किन्न’ । अमन ‘छैन पैसा’ । उनीहरू झुटोबोलेर पैसा माग्ने कुरा गरे । भोलिपल्ट नमनले अमनलाई भन्यो ‘दाइ बाइक बिग्रियो बनाउन तिन हजार लाग्छ ।’ अमन ‘दुई हप्ता अगाडि किनेको बाइक कसरी बिग्रको’ । आरोन ‘बाइकको प्रयोग धेरै भएर होला बिग्रेको ।’ उनीहरूले झुटो बोलेर पैसा मागे ।

त्यो पैसाले नमनले चस्मा र आरोनले लुगा किन्यो । झुटोबोलेको दाइले थाहा पाए र उनीहरूको झगडा भयो । नमन र आरोनले भने अबदेखि फजूल खर्च गर्दिन र झुटो पनि बोल्दिनु भनेर माफी मागे ।

# ऐतिहासिक खेलअघि नेपाली टोलीमा कप्तान सहित उल्लेख्य परिवर्तन




काठमाडौं / नेपाली क्रिकेट टोलीले आगामी सोमबार र मंगलबार यूएईसँग घरेलु मैदानमा दुई खेलको टी-२०आई शृंखला खेल्दै छ । नेपाली क्रिकेटका लागि यी दुई खेलको शृंखला ऐतिहासिक हुनेछ किनभने नेपालमा रातको समयमा फ्लडलाइटमा पहिलोपटक अन्तर्राष्ट्रिय खेल हुँदैछ ।

त्रिवि क्रिकेट मैदानको स्तरोन्नतिपछि नेपाली राष्ट्रिय क्रिकेट टोलीले पहिलोपटक घरेलु मैदानमा अन्तर्राष्ट्रिय खेल खेल्दैछ । यस खेलका लागि नेपाली टोलीमा उल्लेख्य परिवर्तन समेत गरिएको छ । टी-२० विश्वकपसम्म नेपाली टोलीको कप्तानी गरेका रोहित पौडेल यी दुई खेलका लागि १५ सदस्यीय टोलीमै परेका छैनन् । कप्तानको जिम्मेवारी दीपेन्द्रसिंह ऐरीले पाएका छन् । यसअघि दीपेन्द्र उपकप्तान रहँदै आएका थिए ।

रोहित ओडीआई टोलीको कप्तान भने कायमै छन् । दीर्घकालीन योजनाअनुसार नै दुई फरक कप्तान चयन गरिएको नेपाल क्रिकेट संघ (क्यान) का प्रवक्ता छुम्बी लामाले बताएका छन् ।

'अहिलेलाई क्यानको निर्णय दीर्घकालीन योजनाअनुसार नै हो । रोहित टी-२०आईको टिममै नपरेको कुरा पनि सेलेक्सन कमिटीकै निर्णय हो । हाललाई ओडीआईको कप्तान चाहिँ रोहित नै हो' लामाले संचारकर्मीसँग भने ।

नेपाली क्रिकेटमा पहिलोपटक दुई फर्म्याटको छुट्टाछुट्टै कप्तान चयन भएका हुन् । त्यसमाथि समग्र टिममा नै उल्लेख्य परिवर्तन भएको हो । नियमित कप्तान रोहित पौडेलसहित अनुभवी सिनियर खेलाडी सोमपाल कामी र करण केसी टी-२०आई टोलीबाट बाहिरिएका छन् । नियमित खेलाडी आसिफ शेख पनि समावेश छैनन् ।

### पहिलोपटक फ्लडलाइटमा अन्तर्राष्ट्रिय खेल

नेपाली क्रिकेट टोलीले हालसम्म विदेशमा मात्रै रातिमा खेल खेलेको छ । नेपालमा भने हालसम्म रातको समयमा अन्तर्राष्ट्रिय क्रिकेट भएको छैन । यूएईसँग अब हुने दुई खेल यही कारण ऐतिहासिक हुनेछ, फ्लडलाइटमा पहिलो अन्तर्राष्ट्रिय खेल हुने भएर । यसअघि नेपालको फ्रेन्चाइज क्रिकेट लिग नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट फ्लडलाइटमा खेलिएको थियो ।

फ्लडलाइटमा खेल त्यसमाथि पनि बाहिरबाट टिम आएर खेल्नु नेपाली क्रिकेटका लागि गर्विलो विषय हो । 'हामी पहिलोपटक नेपालमा अन्तर्राष्ट्रिय सिरिज खेल्दै छौं । सरकारले बनाएको संरचनामा पहिलोपटक खेल हुँदैछ, समग्र क्रिकेटको विकासको लागि यो राम्रो हो' प्रवक्ता लामाले भने, 'होम ग्राउन्डमा पहिलोपटक रातिमा खेल्दै छौं । नेपाली क्रिकेटकै लागि गर्वको विषय हो ।'

### टिमको सन्तुलन कस्तो ?

नेपालको टी-२०आई टोली पहिलेझैं अलराउन्डरले भरिएको छ । १५ सदस्यीय टोलीमा दुई विकेटकिपर ब्याटर समावेश छन् भने प्रपर ब्याटरका रूपमा सन्दीप जोरा मात्र छन् । बाँकी १२ जनामध्ये कप्तान दीपेन्द्रसहित ८ जना अलराउन्डर छन् भने ४ जना बलर छन् ।

बलरमध्ये २ जना स्पीनर छन् भने २ जना पेसर छन् । नेपालको बलिङ विकल्प भने प्रशस्त देखिन्छ । फूल टाइम बलरका रूपमा नन्दन यादव, हेमन्त धामी, सन्दीप लामिछाने र शाहब आलम छन् ।

बाँकी बलिङ विकल्पका रूपमा कप्तान दीपेन्द्रसहित कुशल भुर्तेल, कुशल मल्ल, आरिफ शेख, बसिर अहमद, गुल्शन झा, सन्तोष यादव र शेर मल्ल छन् । यीमध्ये आरिफ र गुल्शन मात्र पेस बलिङ विकल्प हुन् । आरिफले पछिल्लो समय खासै बलिङ गरेका छैनन् । त्यसकारण प्लेइङ ११ मा गुल्शनले पनि केही ओभर बलिङ गर्ने देखिन्छ । नेपालको प्लेइङ ११ मा पनि पहिलेभन्दा परिवर्तन देखिने पक्का छ ।

ओपनिङमा कुशल भुर्तेल हुनेछन् भने आसिफको अनुपस्थितिमा उनीसँग लोकेश बमले सुरुवात गर्ने सम्भावना छ । लोकेश र साउदमध्ये एकले खेल्नैपर्ने हुन्छ । मिडल अर्डरमा कप्तान दीपेन्द्रसहित सन्दीप जोरा, कुशल मल्ल, गुल्शन झा र आरिफ शेखको विकल्प छ । तल्लोक्रममा सन्तोष यादव र शेर मल्लको विकल्प छ ।

नन्दन यादव र हेमन्त धामी दुवै मुख्य पेस बलरका रूपमा रहनेछन् भने सन्दीप लामिछाने र शाहब आलम दुई स्पीनर हुनेछन् ।

### सोमपाल र करण हट्दा पेस बलिङमा अनुभवको कमी


नेपाली क्रिकेटमा लामो समयसम्म करण केसी र सोमपाल कामी दुई मुख्य पेस बलरका रूपमा रहँदै आएका थिए । अब हुने टी-२०आई खेलमा यी दुवै खेलाडी देखिने छैनन् । नेपाली क्रिकेटमा लामो समयपछि यी दुई पेस जोडीबिनाको खेल हुने भएको छ । सन् २०१४ को टी-२० विश्वकपदेखि सन् २०२६ को टी-२० विश्वकपसम्म नेपाली टोलीको प्रमुख पेस बलरको दर्जा पाएका सोमपाल कामी अबको केही समय ओडीआई टोलीमा मात्र देखिनेछन् ।

यस्तै अर्का सिनियर खेलाडी करण केसी पनि लामो फर्म्याटका लागि मात्र छानिएका छन् । करण र सोमपाल नेपालका लागि सर्वाधिक विकेट लिने शीर्ष पेस बलरहरू हुन् । दुवै मुख्य बलर समावेश नहुँदा नेपालको पेस बलिङमा अनुभवको कमी भने पक्कै देखिने भएको छ । नन्दनले नेपालका लागि १६ टी-२० मात्रै खेलेका छन् भने हेमन्तले डेब्यू नै गर्न बाँकी छ ।

नेपालको टी-२०आई टोली : दीपेन्द्रसिंह ऐरी (कप्तान), कुशल भुर्तेल, कुशल मल्ल, सन्दीप जोरा, आरिफ शेख, बसिर अहमद, गुलशन झा, लोकेस बम, सन्दीप लामिछाने, नन्दन यादव, सन्तोष यादव, अर्जुन साउद, हेमन्त धामी, साहब आलम, शेर मल्ल

*(स्रोत: अनलाइनखबर)*

# लापसे र मापसे गरी सवारी चलाउने १७ सयभन्दा बढी चालक कारबाहीमा



साझाकुरा संवाददाता

हेटौंडा, ४ वैशाख/ प्रहरीले बागमती प्रदेशमा मादक पदार्थ सेवन र लागू पदार्थ सेवन गरी सवारी साधन चलाउने १७ सयभन्दा बढी सवारी चालकलाई कारबाही गरेको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाले कार्यालय मातहतका काठमाडौं उपत्यका बाहेकका १० जिल्लामा चालु आर्थिक वर्ष २०८२/०८३ को गत चैत मसान्तसम्ममा मादक प्रदार्थ सेवन र लागू पदार्थ सेवन गरी सवारी साधन चलाउने एक हजार सातसय ४० जना सवारी चालकलाई कारबाही गरेको जनाएको छ ।

मादक प्रदार्थ सेवन (मापसे) र लागू पदार्थ सेवन (लापसे) गरेर सवारी साधन चलाई हिड्ने बढ्दो प्रवृत्तिका कारण आकस्मिक र गम्भीर दुर्घटना हुने गरेको पाइएपछि कार्यालय मातहतका जिल्लाहरुमा यात्रु, सवारी र सडकलाई सुरक्षित बनाउँदै गन्तव्यसम्म पुऱ्याउन लापसे र मापसे जाँचलाई तिव्रता दिइएको हो । बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाका प्रहरी उपरीक्षक मोहन बहादुर खाँणले सवारी दुर्घटना न्यूनीकरण गर्न लापसे र मापसे जाँचलाई प्राथमिकता राखेर काम गर्दै आएको जानकारी दिएका छन् ।

चाल आवको नौ महिनाको अवधिमा मादक प्रदार्थ सेवन जाँच एकहजार पाँचसय ४३ जना चालकले मापसे गरी सवारी साधन चलाएको पाइएको उनले बताए । मादक प्रदार्थ सेवन गरी सवारी साधन चलाउने चालकलाई कारबाही गरी आठलाख १६ हजार पाँचसय रुपियाँ जरिवाना गरिएको छ ।

यस्तै, लापसे एकहजार तीनसय १२ जना सवारी चालकलाई जाँच गर्दा एकसय ९७ जना सवारी चालकले लापसे गरी सवारी साधन चलाएको पाइएपछि कसुर दर्ता गरी कारबाहीका लागि प्रहरीले प्रक्रिया अगाडि बढाएको छ । लापसे जाँच गर्न प्रहरी प्रधान कार्यालय, जनस्वास्थ्य कार्यालय र स्थानीय तहबाट एक हजार सातसय ४३ किट प्राप्त भएकोमा चारसय ५१ थान किट मौज्दात रहेको प्रहरीको भनाइ छ ।

प्रहरी उपरीक्षक खाँणले लागू पदार्थ सेवन गरी सार्वजनिक यातायात चलाउने चालकको सँख्या बढ्दै गएकोले लापसे जाँचलाई तिव्रता दिई नियन्त्रणका लागि विशेष अभियानका रुपमा नियमित जाँच एवम् सचेतनामूलक कार्यक्रमहरु गर्दै आएको खाँणले बताए ।

# हरिवंश अभिनीत 'पाँच पाण्डव' तिहारमा आउनेघ

काठमाडौं / वसन्त निरौलाको निर्देशनमा बनिरहेको फिल्म 'पाँच पाण्डव' तिहारमा प्रदर्शन हुने भएको छ । शुक्रबार निर्माताले आरआर फिल्म्ससँग वितरणसम्बन्धी सम्झौता गर्दै तिहारमा फिल्म रिलिज गर्ने निर्णय गरेका हुन् । यद्यपि, फिल्मको मिति भने सार्वजनिक गरिएको छैन । तर, वितरक र निर्माताबीच लक्ष्मीपूजाको दिन फिल्मलाई प्रदर्शन गर्ने सहमति भएको जनाइएको छ ।




फिल्मको वितरण अधिकार लिएपछि आरआर फिल्म्सका प्रमुख रोहित कट्टेलले भने, 'हामीले फिल्मको कन्टेन्ट र कलाकारको लाइनअप हेरेर वितरणको जिम्मा लिएका हौं । तिहारजस्तो ठूलो चाडमा दर्शकले खोज्ने भनेकै पूर्ण मनोरञ्जन हो, जुन यो फिल्मले दिनेछ । 'पाँच पाण्डव' व्यावसायिक र कलात्मक दुवै हिसाबले सफल हुनेमा हामी विश्वस्त छौं ।'

नवीन श्रेष्ठ प्रस्तुतकर्ता तथा काली रानी श्रेष्ठ निर्माता रहेको यस फिल्ममा हरिवंश आचार्य, जितु नेपाल, आर्यन सिग्देल, महेश त्रिपाठी, दीपाश्री निरौला, रजनी गुरुङ, सुशील सिटौला, प्रशान्त ताम्राकार, इभा गिरी लगायतका कलाकारहरूको अभिनय देखन सकिनेछ । सुशील पौडेलको कथा, पटकथा तथा संवाद लेखन रहेको फिल्मलाई श्याम तामाङले छायांकन गरिरहेका छन् ।

निर्देशक निरौलाले फिल्मको शीर्षक 'पाँच पाण्डव' भए पनि यो कुनै धार्मिक वा पौराणिक कथामा आधारित नभएको बताएका छन् । उनका अनुसार यो पूर्ण रूपमा एक सामाजिक कथा हो । महाभारतका पाँच पाण्डव (युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव)को चरित्र र विम्बलाई प्रयोग गर्दै फिल्ममा समकालीन समाजको यथार्थ कथा भनिने उनले बताए ।

# दक्षिण एसियामै महँगो इन्धन नेपालमा, अरूले राहत दिँदा यहाँ किन दिइएन ?

काठमाडौं / ३० भदौ २०८० मा (३१ भदौदेखि लागु हुने गरी) नेपाल आयल निगमले नयाँ मूल्यसूची सार्वजनिक गरेको थियो । उक्त निर्णय अनुसार पेट्रोलमा प्रतिलिटर २ रुपैयाँ र डिजेल तथा मट्टीतेलमा प्रतिलिटर ६ रुपैयाँ र खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिन्डर २ सय १५ रुपैयाँले वृद्धि गरी २ हजार १ सय १० रुपैयाँ पुऱ्याइएको थियो । हवाई इन्धनमा पनि प्रतिलिटर ८ रुपैयाँ बढाइएको थियो ।

त्यतिबेला पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकार थियो । आयल निगमले इन्डियन आयल कर्पोरेसन (आईओसी) बाट मूल्य बढेर आएको र 'स्वचालित मूल्य प्रणाली' अनुसार नै मूल्य समायोजन गरिएको दाबी गरेको थियो । तर, यो वृद्धिको चौतर्फी विरोधपछि सरकार फिर्ता लिन बाध्य भएको थियो । १४ असोज २०८० को प्रतिनिधिसभा बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले उक्त पेट्रोलियम पदार्थको मूल्यवृद्धिका विषयमा चर्को विरोध जनाउँदै सरकार र आयल निगममाथि प्रश्न उठाएका थिए ।

'यो आयल निगम व्यापार पनि आफैं गर्छ, आयात पनि आफैं गर्छ, नियामक निकाय पनि उही हो, सबै कुरा आफैं गर्छ, कर्मचारीलाई बोनस बाँड्न भ्याउँछ,' लामिछानेले भनेका थिए, 'तर, सधैं घाटामा छु भन्छ, यो घाटा के हो ? सधैं घाटामा रहनुपर्ने कुराको निक्र्योल गरियोस्, अटोमेटिक सिस्टममा अन्तर्राष्ट्रिय बजारमा बढेको मूल्यका कारणले आफैं मूल्यवृद्धि भएको हो भन्ने हो भने घटेका बेलामा यसले मूल्य किन घटाउँदैन ? घटाउन दुई-तीन दिन किन लगाउँछ ?'

त्यतिबेला पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि विरुद्ध चर्को विरोध जनाएका र निगममाथि प्रश्नै प्रश्न उठाएका सभापति लामिछानेकै नेतृत्वमा अहिले रास्वपाको झन्डै दुई तिहाइ बहुमत नजिकको सरकार छ । उनकै पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह प्रधानमन्त्री छन् । रास्वपा सरकार गठन भइसकेपछि मात्रै अहिलेसम्म ५ पटक पेट्रोलियम पदार्थको मूल्यवृद्धि भइसकेको छ ।

पश्चिम एसियामा जारी तनावका कारण अन्तराष्ट्रिय बजार मै मूल्य बढेको हुँदा भारतले नै मूल्य बढाएर पठाएको भन्दै पछिल्लो एक महिनामा भारी मूल्यवृद्धि हुँदा पनि यस विषयमा लामिछानेले मुख खोलेका छैनन् । त्यसमाथि रास्वपाका अन्य कुनै सांसदले पनि यसबारे बोलेका छैनन् । सरकारमा नहुँदा आम नागरिकका विषयमा भाषण गर्ने तर आफ्नै सरकार हुँदा राहत दिनुपर्नेमा त्यसो नगरेर झनै मूल्यवृद्धि थोपर्दै लगेर नागरिकको ढाड सेकिरहेको आरोप लाग्दै आएको छ ।

आयल निगमले हिजो बिहीबारदेखि लागु हुने गरी डिजेल मूल्यमा प्रतिलिटर ३० रुपैयाँ बढाइएको मूल्यसूची सार्वजनिक गरि सकेको छ । डेढ महिनाअघि प्रतिलिटर १ सय ४२ रुपैयाँ रहेको डिजेल अहिले २ सय ३७ रुपैयाँ पुगेको छ भने विगत दुई महिनामा पेट्रोलको मूल्य पनि १ सय ५७ बाट बढेर २ सय १९ रुपैयाँ कायम भएको छ । पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि गर्दा समेत निगमले घाटा अझै उच्च रहेको बताएको छ । नयाँ मूल्य समायोजनपछि पनि निगमलाई १५ दिनमा (पाक्षिक) ५ अर्ब ७५ करोड रुपैयाँ घाटा हुने तथ्यांक सार्वजनिक गरेको छ । यो मूल्य बढाउनुअघि निगमको पाक्षिक घाटा ७ अर्ब ८१ करोड ६१ लाख रहेको तथ्यांक थियो ।

निगमका अनुसार नयाँ मूल्य लागु भएपछि पनि डिजेलमा सबैभन्दा बढी प्रतिलिटर ९९ रुपैयाँ १६ पैसा घाटा छ । त्यसैगरी निगमलाई पेट्रोलमा प्रतिलिटर २ रुपैयाँ ३२ पैसा, मट्टीतेलमा प्रतिलिटर ३६ रुपैयाँ ७० पैसा र खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिन्डर ३ सय ३१ रुपैयाँ २५ पैसा घाटा कायमै रहेको उल्लेख छ । इन्धनको मूल्य बढेसँगै यसको असर सबै क्षेत्रमा देखिइसकेको छ । आयल निगमले भारतबाटै इन्धनको मूल्य बढेर आएको र निगम घाटामा गएको भन्दै सजिलो बाटो अपनाएर मूल्य बढाइरहेको भन्दै सरोकारवालाले बारम्बार चर्को विरोध गरिरहेका छन् ।

हिजो बिहीबार मात्रै पेट्रोलियम पदार्थ मूल्यवृद्धिको विरोधमा माइतीघरमण्डलामा संयुक्त विद्यार्थी संगठनहरूले 'महँगी, कालोबजारी र मूल्यवृद्धि नियन्त्रण गर', 'मन्त्रीहरूको सुनै सुन जनतालाई छैन खाने नुन', 'घरमा हाम्रो बास छैन किनभने ग्यास छैन', 'बाँच्न दे सरकार', 'बालेन सरकार, मूल्यवृद्धि उपहार', 'युद्धको मार-करको भार-जनता त मरे नि सरकार !' लगायत प्लेकार्ड बोकेर प्रदर्शन गरेका थिए ।

सरोकारवालाले 'यदि आईओसीले बारम्बार मूल्य बढाएर पठाएको हो भने निगमले आईओसीको बिलमाथि छानबिन गर्नुपर्ने' माग गरेका छन् । आयल निगमले हालै गरेको पेट्रोलियम पदार्थको भारी मूल्यवृद्धिपछि नेपाल र भारतका सीमावर्ती बजारमा इन्धनको मूल्यमा अस्वाभाविक अन्तर देखिएको छ ।

यसले खुला सिमानाको फाइदा उठाउँदै इन्धन तस्करी र अवैध व्यापार मौलाउने पूर्ववाणिज्य सचिव पुरुषोत्तम ओझा बताउँछन् । निगमले डिजेल र मट्टीतेलमा प्रतिलिटर ३० रुपैयाँ बढाएपछि भारतीय सीमावर्ती बजार र नेपालबीच ठूलो मूल्य अन्तर कायम भएको छ । नेपाल र भारत (जस्तै, रक्सौल) बीच अहिले डिजेलमा प्रतिलिटर करिब ८९ रुपैयाँ र पेट्रोलमा ४८ देखि ५० रुपैयाँसम्मको फरक परेको छ ।

### "मूल्य बढेर आयो भन्ने र 'डिमेड जवाफले पुग्दैन"

आयल निगमले आईओसीले बढाएर पठाएको सूचीमात्र आधार मानेर एकतर्फी भाउ बढाउनु गैर जिम्मेवारीपन भएको ओझा बताउँछन् । निगमले इन्धनको वास्तविक परल मूल्य पारदर्शी रूपमा सार्वजनिक गर्नुपर्नेमा उनले जोड दिएका छन् ।

'भारतमा नबढ्ने तर नेपालमा मात्रै यति धेरै किन बढ्ने ? विगतमा १-२ रुपैयाँको मात्र फरक हुने गर्थ्यो,' पूर्वसचिव ओझाले संचारकर्मीसँग भने, 'आईओसीले मूल्य बढाएर पठायो भन्दैमा सजिलो हिसाबले बढाउने कुरा उपभोक्ता माथिको ठूलो अन्याय हो, निगमले आम उपभोक्तालाई यति ठूलो फरक किन पऱ्यो भनेर सूचित गर्नुपर्छ ।'

### खुला सिमानाले तस्करी जोखिम

दुई देशबीच इन्धन मूल्यमा यति ठूलो खाडल हुँदा यसले देशको अर्थतन्त्र र आपूर्ति व्यवस्थामै असर पर्ने ओझाको भनाइ छ । अहिले सस्तो मूल्यमा इन्धन भर्न नेपाली मोटरसाइकल तथा कार भारतीय सीमापारि जान थालेका छन् । यस्तै भारतीय पेट्रोलपम्पमा नेपाली गाडी तथा मोटरसाइकलको लामो लाइन लागेको भिडियोहरू सार्वजनिक भएका छन् ।

'यति धेरै मूल्य अन्तर हुँदा यसले तस्करी र अवैध व्यापारलाई बढावा दिन्छ,' ओझाले भने, 'हाम्रो खुला बोर्डर छ, मानिस र सामानको आउजाउ भइरहन्छ, मूल्यमा यत्रो खाडल भएपछि अस्वस्थ र अवैध व्यापार फस्टाउँछ ।'

### छानबिन र समानीकरण माग

पूर्ववाणिज्य सचिव ओझाले रक्सौल, भैरहवापारि सुनौली र काँकडभिट्टापारि सिलिगुडी जस्ता सीमावर्ती बजारको मूल्य र नेपालको मूल्यबीच किन यत्रो असमानता भयो भन्ने विषयमा गम्भीर अनुसन्धान हुनुपर्ने माग गरेका छन् । भारतीय सीमावर्ती बजार रक्सौलमा आज शुक्रबार पेट्रोलको मूल्य प्रतिलिटर १०५.२२ भारु छ । यसको नेपाली मूल्य १ सय ६८ रुपैयाँ हुन आउँछ । यो हिसाबले नेपाली मूल्यसँग तुलना गर्दा नेपालमा पेट्रोलको प्रतिलिटर मूल्य भारतभन्दा ५० रुपैयाँ महँगो छ । यस्तै डिजेलको मूल्य रक्सौलमा प्रतिलिटर औसतमा ९०.५ भारु छ । नेपालीमा यो मूल्य १ सय ४८ रुपैयाँ हुन आउँछ । नेपालमा अहिले डिजेलको मूल्य भारतभन्दा ८९ रुपैयाँ महँगो छ ।

'एउटै स्रोतबाट आउने तेलमा किन यति ठूलो फरक पऱ्यो ? यो मूल्यलाई कसरी समानीकरण गर्न सकिन्छ भन्ने विषयमा अनुसन्धान हुनुपर्छ,' ओझाले भने, 'यति धेरै फरक हुनु हुँदैन ।' निगमले नाफाघाटा हिसाबमात्र नहेरी उपभोक्ताको हित र सीमावर्ती बजारको यथार्थ विचार गरेर मूल्य निर्धारण गर्नुपर्ने सुझाव पूर्वसचिव ओझाको छ ।

आयल निगमले भने भारतमा आफ्नै रिफाइनरी (प्रशोधन केन्द्र) ३ वटा सरकारी र २ वटा निजी कम्पनीका भएको र उनीहरूले २१ देशबाट सस्तोमा कच्चा तेल (क्रुड आयल) र ४१ देशबाट प्रशोधित तेल ल्याउने र नेपाललाई आईओसीले दिने मूल्य अन्तर्राष्ट्रिय बजारमा कायम रहेको १५ दिनको औसत मूल्य भएको बताउँदै आएको छ । भारत आफैंले किन्ने मूल्य पनि त्यही औसत मूल्य नै रहेको निगमको दाबी छ ।

### छिमेकी देशले जनतालाई दिए राहत, नेपालमा भने महागीकै मार

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा हुने उतार चढाव देखाउँदै सरकारले लगातार मूल्य बढाए पनि अन्य दक्षिण एसियाली तथा छिमेकी राष्ट्रहरूको अवस्था भने नेपालको भन्दा निकै फरक छ । अन्तर्राष्ट्रिय इन्धनको मूल्य ट्र्याक गर्ने 'ग्लोबल पेट्रोल प्राइसेस' को पछिल्लो तथ्यांक तथा क्षेत्रीय बजार विश्लेषण गर्दा भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका लगायत देशमा इन्धन मूल्य नेपालको तुलनामा निकै सस्तो छ ।

ती देशका सरकारले आफ्ना नागरिकलाई महँगीबाट जोगाउन अनुदान, कर छुट र स्वचालित मूल्य प्रणालीजस्ता प्रभावकारी कदम चालिरहँदा नेपाल सरकार भने इन्धनलाई राजस्व संकलनको मुख्य हतियार बनाएर नागरिकको ढाड सेकिरहेको उपभोक्ताको आरोप छ ।

नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार र इन्धन आपूर्तिकर्ता भारतमै पेट्रोलियम पदार्थको मूल्य नेपालको तुलनामा धेरै सस्तो छ । भारतका विभिन्न राज्यमा स्थानीय कर (भ्याट) का कारण मूल्यमा केही हेरफेर भए पनि औसतमा त्यहाँ पेट्रोलको मूल्य १ सयदेखि १ सय ५ भारु (करिब १ सय ६० देखि १ सय ६८ रुपैयाँ) र डिजेल करिब १ सय ४५ रुपैयाँ हाराहारी पर्छ ।

भारतले नागरिकलाई राहत दिन अन्तर्राष्ट्रिय बजार मूल्य अनुसार दैनिक 'डाइनामिक प्राइसिङ' मार्फत मूल्य समायोजन गर्छ । यसका साथै मूल्य अस्वाभाविक बढ्दा केन्द्र सरकारले 'एक्साइज ड्युटी' (अन्त:शुल्क) र राज्य सरकारहरूले भ्याट घटाएर उपभोक्तालाई प्रत्यक्ष राहत दिने गरेका छन् ।

आर्थिक संकटबाट गुज्रिरहेको पाकिस्तान र बंगलादेशले यो तनावपूर्ण अवस्थामा जनतालाई प्रत्यक्ष राहत दिने उदाहरणीय कदम चालेका छन् । पाकिस्तान सरकारले चालु अप्रिलमदेखि लागु हुने गरी मोटरसाइकल चालक र किसान लक्षित गर्दै पेट्रोलमा प्रतिलिटर १ सय पाकिस्तानी रुपैयाँ बराबर अनुदान दिन थालेको छ । तर, प्रतिमहिना अधिकतम २० लिटरमा मात्र यस्तो सुविधा पाइने छ ।

त्यसैगरी डिजेलमा प्रतिलिटर १ सय ७७ पाकिस्तानी रुपैयाँ बराबर अनुदान दिइरहेको छ । पाकिस्तानमा पेट्रोल प्रतिलिटर ३६६.५८ र डिजेल ३८५.५४ पाकिस्तानी रुपैयाँ पर्छ । यसले गर्दा त्यहाँ पेट्रोलको मूल्य नेपाली करिब १ सय ९६ रुपैयाँ र डिजेल २ सय ६ रुपैयाँ कायम छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'लालीबजार'को ट्रेलरमा वादी महिलाको संघर्षको कथा

काठमाडौं/यम थापाको निर्देशनमा बनेको फिल्म 'लालीबजार'को ट्रेलर सार्वजनिक गरिएको छ । शुक्रबार निर्माण पक्षले काठमाडौंमा एक कार्यक्रम आयोजना गर्दै ३ मिनेट लामो ट्रेलर सार्वजनिक गरेको हो । अभिनेत्री स्वस्तिमा खड्कालाई केन्द्रमा राखिएको ट्रेलरमा वादी समुदायका महिलाको बाध्यता र संघर्षलाई मर्मस्पर्शी रुपमा देखाइएको छ ।

नत्थी प्रथा (शोषणमूलक व्यवस्था)को आडमा वादी समुदायका छोरीमाथि हैकम जमाउन सभ्रान्त वर्गले दिने यातना र त्यसबाट प्रताडित वादी महिलाको कथालाई ट्रेलरले पेस गरेको छ । स्वस्तिमा वादी महिलाको भूमिकामा देखिएकी छन्, जो देह व्यापारमा लाग्न बाध्य छिन् । उनले आफ्नी छोरीलाई त्यसबाट टाढा राख्न गरेको संघर्ष नै फिल्मको मुख्य कथावस्तु रहेको देखिन्छ ।

ट्रेलर सार्वजनिक कार्यक्रममा स्वस्तिमाले 'लालीबजार' भविष्यमा पनि आफूले गर्व गर्ने फिल्म रहेको बताइन् । उनले भनिन्, 'मैले यो फिल्मलाई एकदमै विशेष रुपमा लिएकी छु । मैले धेरै वर्षपछि पनि फर्केर हेर्दा सधैं 'चेयर्स' गर्ने फिल्म हो यो । भोलि फिल्मको व्यावसायिक नतिजा जे जस्तो आउला तर मेरो लागि यो सधैंभरि गर्व गर्न लायक फिल्म हुनेछ ।'

वैशाख १८ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्ममा स्वस्तिमासहित रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल, तारा शर्मा, रमेश बादी, सरस्वती अधिकारी लगायतको अभिनय रहेको छ । यसै फिल्ममार्फत विशाल देवकोटा र प्रशंसा सुवेदीले डेब्यू गरेका छन् ।

'जात्रा' निर्माता कम्पनी षट्कोण आर्ट्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा सुशन प्रजापतीको छायांकन, यम थापा र प्रदीप भट्टराईको पटकथा तथा संवाद, मित्रदेव गुरुङको सम्पादन तथा प्रकाश सपूत, खेम सेन्चुरी र जयन जे वाइवाको संगीत रहेको छ । फिल्मको कार्यकारी निर्माता प्रदीप भट्टराई हुन् भने म्याक्स दीपेश खत्री र रविन्द्रसिंह बानियाँ निर्मातामा छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

बागमती प्रदेशको बजेट खर्चको अवस्था

# नौ महिनामा २९ प्रतिशत

साझाकुरा संवाददाता

हेटौँडा, ४ वैशाख/ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको नौ महिनामा कूल विनियोजित बजेटको २९ प्रतिशतमात्रै खर्च गरेको छ ।



चालु आर्थिक वर्षको तेस्रो चौमासिकसम्म कूल विनियोजित बजेटको १९ अर्ब ३७ करोड १७ लाख ८१ हजार रुपैयाँ अर्थात् २८ दशमलब ७१ प्रतिशतमात्र खर्च भएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षको लागि कूल ६७ अर्ब ४७ करोड ३३ लाख ७० हजार रुपैयाँको बजेट ल्याएको थियो । प्रदेश सरकार बाँकी तीन महिनामा ४८ अर्ब १० करोड १५ लाख ८९ हजार रुपैयाँ अर्थात् ७१ दशमलब २९ प्रतिशत बजेट खर्च गर्नुपर्ने बाध्यात्मक अवस्थामा देखिन्छ ।

पूँजीगत खर्चको अवस्था पनि कमजोर देखिएको छ । चालु आर्थिक वर्षमा विनियोजित कूल पूँजीगत बजेट ४० अर्ब ८३ करोड ५३ लाख ५६ हजार रुपैयाँमध्ये सरकारका निकायहरूले नौ महिनाको अवधिमा नौ अर्ब ४२ करोड ३२ लाख छ हजार अर्थात् २३ दशमलब ०९ प्रतिशतमात्र खर्च गरेका हुन् । आगामी तीन महिनामा पूँजीगततर्फ ३१ अर्ब ४१ करोड २१ लाख ५० हजार अर्थात् ७६ दशमलब ९१ प्रतिशत हिस्सा खर्च गर्नुपर्ने अवस्था छ ।

**कुन मन्त्रालयको खर्च प्रगति कति ?**

प्रदेश सरकारका १३ मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय तथा मातहतको निकायमध्ये सबैभन्दा बढी स्वास्थ्य मन्त्रालयले बजेट खर्च गरेको छ । सो मन्त्रालयले एक अर्ब ५९ करोड ९९ लाख रुपैयाँ अर्थात् ४५ दशमलब १८ प्रतिशत बजेट खर्च गरेको हो । सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले बजेट खर्च गरेको छ । उक्त मन्त्रालयले विनियोजित बजेटको १४ दशमलब ०१ प्रतिशतमात्रै अर्थात् ४५ करोड ९३ हजारमात्र बजेट खर्च गरेको छ ।

श्रम, रोजगार तथा यातायात मन्त्रालयले आफ्नो वार्षिक बजेटको ४४ दशमलव ७९ प्रतिशत अर्थात् ३२ करोड २७ लाख, सहकारी तथा गरिबी निवारण मन्त्रालयले ४३ दशमलब १२ प्रतिशत अर्थात् नौ करोड ६८ लाख रुपैयाँ खर्च गरेको छ ।

प्रदेश सरकारले सबैभन्दा बढी बजेट विनियोजन गरेको भौतिक पूर्वाधार विकास मन्त्रालयले ३० दशमलब ५५ प्रतिशतमात्र बजेट खर्च गरेको छ । पूर्वाधार विकास तर्फको सम्पूर्ण काम गर्दै आएको सो मन्त्रालयले नौ महिनामा छ अर्ब ४६ करोड ५९ लाख रुपैयाँ खर्च गरेको छ ।

त्यस्तै, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १३ करोड ८३ लाख रुपैयाँ अर्थात् २९ दशमलब ३० प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले सात करोड ७९ लाख रुपैयाँ अर्थात् ३७ दशमलब ५२ प्रतिशत, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले १७ करोड १५ लाख रुपैयाँ अर्थात् २६ दशमलब ४५ प्रतिशत बजेट खर्च गरेको छ ।

यसैगरी, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ४७ करोड २३ लाख रुपैयाँ अर्थात् २१ दशमलव ७३ प्रतिशत, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले एक अर्ब ९१ करोड २४ लाख रुपैयाँ अर्थात् २९ दशमलब ०९ प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १८ करोड ३१ लाख रुपैयाँ अर्थात् ३५ दशमलब ३१ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले एक अर्ब ३४ करोड २१ लाख रुपैयाँ अर्थात् ३६ दशमलब ५३ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले १४ करोड २९ लाख अर्थात् १४ दशमलब १८ प्रतिशत, सामाजिक विकास मन्त्रालयले एक अर्ब सात करोड ३२ लाख रुपैयाँ अर्थात् ३० दशमलब ०५ प्रतिशत खर्च गरेको छ ।

प्रदेश व्यवस्थापिकाले ११ करोड ८९ लाख रुपैयाँ अर्थात् ४२ दशमलब ७१ प्रतिशत, प्रदेश लोकसेवा आयोगले चार करोड १२ लाख रुपेयाँ अर्थात् ४७ दशमलब ६९ प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले ९४ लाख ६७ हजार रुपैयाँ अर्थात् ३८ दशमलब १५ प्रतिशत खर्च गरेको छ ।

**बजेट मापदण्ड निर्माण अन्तिम चरणमा**

आगामी आर्थिक वर्षको बजेटलाई व्यवस्थित र प्रभावकारी बनाउन बजेट निर्माण मार्गदर्शन सहित आर्थिक मामिला तथा योजना मन्त्रालयले विभागीय मन्त्रालयहरूलाई पत्राचारको तयारी गरेको छ । सोही अनुसार मन्त्रालयले बजेट तर्जुमा मापदण्डको खाकालाई पूर्णता दिन छलफल जारी राखेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार हाल मन्त्रालयले तयार गरेको बजेट तर्जुमा मापदण्डलाई सांसद् तथा सरोकारवाला पक्ष तथा विज्ञहरूसंग छलफलको क्रममा रहेको छ । मापदण्डले बजेट निर्माणमा प्रदेश नीति तथा योजना आयोगको भूमिकालाई थप सशक्त बनाउने मन्त्री तामाङले बताए । बजेट तर्जुमाका लागि मन्त्रालयले तयार पारेको नयाँ बजेट निर्माण मापदण्डमा आयोगको विज्ञता र मार्गनिर्देशनलाई मुख्य आधार बनाइएको उनको भनाइ छ ।

मन्त्री तामाङका अनुसार बजेटलाई व्यवस्थित र परिणाममुखी बनाउन योजना आयोगको सक्रिय सहभागितामा कार्यविधि र मापदण्डको ड्राफ्ट तयार गरिएको छ । नीति र विधिभन्दा बाहिरबाट आउने योजनालाई आयोगमार्फत् फिल्टरिङ र मन्त्रालयको मापदण्डले रोक्ने उनले बताए ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि बजेटको आकार घटाउने तयारी गरेको छ । बजेटको स्रोत निर्धारण तथा व्यवस्थापन समितिको मूल्याङ्कनअनुसार आगामी वर्षको बजेट चालु आर्थिक वर्षको तुलनामा करिब १७ अर्ब रुपैयाँ बढी बजेट घट्ने अनुमान गरिएको छ । आगामी आर्थिक वर्षका लागि करिब ५० अर्ब रुपैयाँको हाराहारीमा बजेट तयार गर्ने तयारी गरेको छ ।

# श्रम संस्कृति पार्टीले बनाइदियो राक्सिराङ्गका परिवारलाई नयाँ घर

साझाकुरा संवाददाता

हेटौँडा, ४ वैशाख/ श्रम संस्कृति पार्टी जिल्ला कमिटी मकवानपुरले राक्सिराङ्ग गाउँपालिकाका वडा नम्बर-३, स्थित लावतीको एक गरिब तथा विपन्न निशा माया चेपाङ्गको परिवारलाई नयाँ घर बनाई दिएको छ ।



गत महिनाको चैत ४ गते राक्सिराङ्ग गाउँपालिकाका वडा-३ स्थितलावतीकी निशा माया चेपाङ्गको घर जलेर पूर्णरुपमा नष्ट भएको थियो ।

श्रम संस्कृति पार्टीका जिल्ला अध्यक्ष युनेश लामा सिङ्तानसहितको टोली हेटौंडाबाट राक्सिराङ्गमा पुगेर निशामाया चेपाङ्ग, श्रीमान रमेश कार्की र छोरा जोशेप कार्कीलाई घर हस्तान्तरण गरेका हुन् । पार्टी प्रतिनिधिले घर जलेर नष्ट भएको एक महिनामै आर्थिक सहयोग संकलन गरेर र श्रमदानबाट घर निर्माण सम्पन्न गरेर चेपाङ्गको परिवारलाई हस्तान्तरण गरेको हो ।

राक्सिराङ्ग गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लको प्रमुख आतिथ्यमा तथा पार्टीका जिल्ला अध्यक्ष युनेश लामा सिन्तानको सभाध्यक्षमा घरको चाबी हस्तान्तरण गरिएको थियो । करिब १० धुरको ऐलानी जग्गामा साढे ३ धुरको जमिनलाई ओगटेर श्रमदानबाट एक तल्ला २ कोठाको घर निर्माण गरेको जिल्ला अध्यक्ष सिन्तानले बताएका छन् ।

चेपाङ्गको घर जलेर साढे ६ लाख बराबरको क्षति भएको थियो । घर निर्णाणका लागि करिब झण्डै आठ लाख रुपैयाँ बजेट खर्च हुने भएपनि पार्टीका कार्यकताको श्रमदानबाट र विभिन्न व्यक्तित्व तथा कम्पनीको सहयोगबाट सहयोगबाट दुईलाख पाँचहजार एकसय ६६ रुपैयाँको बजेटमा निर्माण गर्न सफल भएको जिल्ला अध्यक्ष सिङ्तानले बताए ।

घर निर्माणका लागि सुब्बा फर्निचर उद्योग र भट्ट मोबाइल पसल बाट ५/५ बोरा र गोपी ग्लान फर्निचरबाट ३ बोरा गरी ५ बोरा सिमेन्ट सिमेन्ट, बाबुलाल स्याङ्तानबाट एक ट्रिप ग्राभेल र एक ट्रिप बालुवाको ढुवानी सहयोग भएको थियो भने मनहरी ग्रिल उद्योगबाट ढोका बनाउँदा २ हजार छुट पाएको थियो । यसअघि पार्टीका कार्यकर्ताले घर जलेको खबर पाए लगतै १२ हजार रुपैयाँ बराबरको खाद्यान्न तथा कपडा सहयोग गरेको थियो ।

घर हस्तान्तरणापछि राक्सिराङ्ग गाउँपालिकाका अध्यक्ष मल्लले श्रम संस्कृति पार्टीले पीडित परिवारको पीर मर्कालाई बुझेर श्रमदानबाट राक्सिराङ्ग गाउँपालिबाटै सामाजिक उत्तरदायित्वअन्तर्गत् कामको सुरुवात गरेकोमा खुशी व्यक्त गरेका छन् । गत १ महिना पहिले आगोमा जलेर घर नष्ट भएको कुरालाई मुल्याङ्कन गर्दै श्रमदानबाट घर निर्माण गरिदिने पीडित परिवारलाई आश्वस दिलाएका थिए । घर निर्माण भएपनि घरमा राम्रो शौचालय नभएको कारणले गाउँपालिकाबाट प्यान टायललगायत सामग्री सहयोग गरेर शौचालय निर्माण गर्ने कामका लागि पहल गर्ने बताएका हुन् ।

घर हस्तान्तरण कार्यक्रममा राक्सिराङ्ग गाउँपालिका वडा नं. ३ का अध्यक्ष उत्तम लामा, श्रम संस्कृति पार्टीका केन्द्रीय सदस्य एवम् जिल्ला इन्चार्ज सुन्दर लामा, युवा नेता निश्चल थिङ, पूर्व वडाध्यक्ष बाबुलाल थिङलगायत उपस्थित थिए ।

# ख्वप: अस्पताल जनप्रतिनिधिको इमान्दारिताको जीवित उदाहरण हो: मुख्यमन्त्री बानियाँ

साझाकुरा संवाददाता

हेटौँडा, ४ वैशाख/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले भक्तपुर नगरपालिकामा अवस्थित ख्वप: अस्पतालको निरीक्षण गरेका छन् ।

निरीक्षणका क्रममा आयोजित कार्यक्रममा बोल्दै मुख्यमन्त्री बानियाँले ख्वप: अस्पतालले चौबिसै घण्टा जनतालाई सेवा प्रदान गर्दै आएकोमा प्रशंसा गरे । उनले जनप्रतिनिधि इमान्दार भए जनताले गुणस्तरीय सेवा पाउने स्पष्ट उदाहरण ख्वप: अस्पताल भएको उल्लेख गरे । 'जनप्रतिनिधि जनताको सेवक हो, शासक होइन । जनताप्रति सधैं इमान्दार हुनुपर्छ', उनले भने ।

कार्यक्रममा बागमती प्रदेशका प्रदेशसभा सदस्यहरू सुरेन्द्रराज गोशाइँ र सिर्जना सैंजुसहित भक्तपुर नगरपालिकाका प्रमुख, उपप्रमुख, अस्पताल व्यवस्थापन समिति, मेसु, प्रशासकीय प्रमुख, चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको उपस्थिति थियो । वि.सं. २०२० सालमा स्थापना भएको ख्वप: अस्पताल पुराना अस्पतालमध्ये एक रहेको उल्लेख गर्दै मुख्यमन्त्री बानियाँले स्थानीय तहले आफ्नै करिब ९० प्रतिशत बजेटबाट सञ्चालन गरेको यो अस्पताल उदाहरणीय रहेको बताए । संघ र प्रदेशबाट समेत आंशिक सहयोग हुँदै आएको उनले जानकारी दिए ।

उनले अस्पतालको पूर्वाधार विकास, आधुनिक उपकरण व्यवस्थापन तथा अपूरा भवन निर्माणका लागि प्रदेश सरकारले आगामी नीति तथा कार्यक्रममा आवश्यक बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाए ।

'मानिसको सबैभन्दा ठूलो धन स्वास्थ्य हो', उनले भने, 'स्वास्थ्य राम्रो भए धन आफैं आर्जन गर्न सकिन्छ, तर धन भएर पनि स्वास्थ्य नभए त्यसको कुनै अर्थ हुँदैन ।'

मुख्यमन्त्री बानियाँले बागमती प्रदेशका १३ जिल्लाका नगरपालिकासँग सहकार्य गर्दै कृषि, आयआर्जन वृद्धि र बजार व्यवस्थापनमा प्रदेश सरकार सक्रिय रहने बताए । जिल्लागत उत्पादनको पहिचान गर्दै किसानलाई अनुदान, उत्पादनको प्रबर्द्धन र बजार सुनिश्चिततामा विशेष ध्यान दिइने उनको भनाइ थियो ।

निरीक्षणका क्रममा अस्पतालको सरसफाइ, व्यवस्थापन तथा मौलिक सांस्कृतिक झल्को दिने संरचनाबाट आफू प्रभावित भएको उल्लेख गर्दै उनले सम्पूर्ण स्वास्थ्यकर्मी, व्यवस्थापन टिम तथा जनप्रतिनिधिहरूलाई धन्यवाद व्यक्त गरे ।

# महिला मिलनको रजत जयन्ती: ज्येष्ठ शेयर सदस्यहरु सम्मानित

*पत्रकारितातर्फ महासंघका अध्यक्ष अधिकारी सम्मानित*



साझाकुरा संवाददाता

हेटौँडा, ४ वैशाख/ महिला मिलन बचत तथा ऋण सहकारी संस्था लि. ले विविध कार्यक्रम गरी रजत जयन्ती मनाएको छ ।

स्थापनाकालदेखि अहिलेसम्म संस्थाको नेतृत्वमा रहेकाहरुलाई रजत वर्षको अवसरमा सम्मान गरिएको छ । आमाको मुख हेर्ने औंशीको दिनमा आयोजित समापन कार्यक्रममा सहकारीका ज्येष्ठ शेयर सदस्यहरुलाई समेत सम्मान गरिएको थियो ।

कार्यक्रममा बागमती प्रदेशकी सहकारी तथा गरिबी निवारण मन्त्री बिनु रायमाझी पौडेलले महिलाको नेतृत्वमा संचालित यो सहकारीले महिलाहरुलाई सीप सिकाई आयआर्जनमा जोड्न सफल रहेको भन्दै सहकारीको विगतदेखि अहिलेसम्मको नेतृत्वको प्रशंसा गरिन् ।

मन्त्रालयबाट आर्थिक सहयोग लिएर सहकारीमा आबद्ध महिलाहरुले पञ्चेबाजा तालिम लिएर स्वरोजगार हुन सफल भएकोमा मन्त्री पौडेलले बधाई दिएकी थिइन् ।

पत्रकारिताका माध्यमबाट संस्थाको प्रचारप्रसारमा सहयोग पुऱ्याएको भन्दै नेपाल पत्रकार महायंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलाई नगदसहित सम्मान गरिएको थियो । यस्तै, सहकारीमा कार्यरत जुनी वाईवालाई उत्कृष्ट कर्मचारीकारुपमा सम्मान गरिएको थियो ।

सहकारीले रजत वर्षको अवसरमा आयोजना गरेको विविध खेलकुद र हाजिरी जबाफ प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुन सफल विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो । ५६ जना महिलाले एकसय रुपैयाँ बचत गरेर सुरु गरेको महिला मिलन बचत तथा ऋण सहकारी संस्था लि. मा हाल छहजार चारसय आठजना शेयर सदस्य छन् ।

सहकारीको २ कट्ठा १८ धुर जग्गामा आफ्नै भवन रहेको छ । सहकारीबाट कूल दुईहजार नौसय १२ जना शेयर सदस्यलाई ५५ करोड ४८ लाख ३८ हजार सातसय ६१ रुपैयाँ ऋण लगानी गरिएको छ । सहकारीको कूल ९१ करोड आर्थिक कारोबार रहेको छ ।

# सवारी दुर्घटनामा दुई जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौँडा, ४ वैशाख/ मकवानपुरका विभिन्न स्थानमा भएका दुई छुट्टाछुट्टै सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् ।

हेटौंडाबाट फुर्केचौरतर्फ जाँदै गरेको ना. ३९ प. ३७५ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको बा. प्र. ०३-००५ प. ७२१९ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको हो ।

दुर्घटनामा मकवानपुर बागमती गाउँपालिका-६ बस्ने ४० वर्षीय अन्तबहादुर बीसी र हेटौंडा-१८ बस्ने ३५ वर्षीय राजु थिङ घाइते भएका छन् । उनीहरूको खुट्टा, मुख तथा टाउकोमा चोट लागेको छ र अवस्था मध्यम रहेको छ । यस्तै, अर्को मोटरसाइकल चालक हेटौंडा-१८ का ३८ वर्षीय सूर्यमणि खतिवडा गम्भीर घाइते भएका छन् भने १०-१२ वर्षका प्रशान्त वाइबा सामान्य घाइते भएका छन् ।

उक्त दुर्घटनामा घाइते एक पुरुषको उपचारका क्रममा दिउँसो हेटौंडा अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ । दुवै मोटरसाइकल प्रहरी चौकी ठूलोदमारको नियन्त्रणमा रहेका छन् भने घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

यसैबीच, शुक्रबार नै मकवानपुरको बागमती गाउँपालिका-७ पाथिभरास्थित मदन भण्डारी लोकमार्गमा भएको हो । हेटौंडाबाट ताप्लेजुङतर्फ जाँदै गरेको प्र. ३-०१-०२३ च ३०८१ नम्बरको कारले सडक किनारमा रोकिराखिएको ना. २ ह ४५९२ नम्बरको अटोलाई ठक्कर दिँदा दुर्घटना भएको हो । ठक्करपछि दुवै सवारी साधन सडकको नालिमा खसेका थिए ।

अटोमा सवार बागमती-७ की ४० वर्षीया चिनीमाया रुम्बा गम्भीर घाइते भएकी थिइन् । उनलाई उपचारका लागि हेटौंडा अस्पताल ल्याइए पनि दिउँसो चिकित्सकले मृत घोषणा गरेका थिए । दुर्घटनामा अटो चालक बागमती-८ बस्ने २५ वर्षीय यमन राई र अटोमा सवार ११ वर्षीय सुबिन पुलामीमगर घाइते भएका छन् । उनीहरूको अवस्था क्रमश: सामान्य र मध्यम रहेको छ र चुरेहिल अस्पताल, मकवानपुरमा उपचार भइरहेको छ ।

कार चालक काठमाडौं गोकर्णेश्वर-६ बस्ने ३५ वर्षीया सुजना लामा भने सकुशल रहेको र उनलाई इलाका प्रहरी कार्यालय फापरवारीको नियन्त्रणमा राखिएको प्रहरीले जनाएको छ । दुवै घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान अगाडि बढाएको जनाएको छ ।







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना